गाउँ कार्यपालिकाको कार्यालय
विरुवा गाउँपालिका
विरुवा, स्याङजा
गण्डकी प्रदेश, नेपाल
२०७३

आर्थिक बर्ष : २०८१/८२
बैठक संख्या :४

आज मिति २०८१/०७/१३ गतेका दिन विरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासकीय अधिकृत
श्री शंकर चापागाई आर्थिक प्रशासन शाखा प्रमुख
श्री विज्ञान के.सी. सव-ईन्जिनियर
श्री गणेश गुरुङ कार्यालय सहयोगी

CamScanner

मिति :२०८१/०७/१३

**प्रस्ताव नं. १**

IEE प्रतिवेदनमाथी छलफल तथा स्वीकृती सम्बन्धमा।

**निर्णय नं. १**

विरुवा गाउँपालिका क्षेत्रभित्र बग्ने मेमखोला, बास्तारा खोला र ज्याग्दीखोला क्षेत्रभित्र ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) उत्खनन् तथा संकलनका लागि तयार गरीएको IEE प्रतिवेदनमाथी छलफल गरी सर्वसम्मतिले स्वीकृत गरियो।

**प्रस्ताव नं. २**

विरुवा गाउँपालिका क्षेत्रभित्र दहत्तर बहत्तर संकलन सम्बन्धमा।

**निर्णय नं. २**

विरुवा गाउँपालिका क्षेत्रभित्र बहने नदी तथा अन्य सार्वजनिक र निजी जग्गाहरुबाट ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) संकलन सम्बन्धमा तपसिल बमोजिम निर्णय गरियो।

क. विरुवा गाउँपालिका क्षेत्रभित्र बग्ने मेमखोला, बास्तारा खोला र ज्याग्दीखोला क्षेत्रभित्र ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) उत्खनन् तथा संकलनका लागि तयार गरीएको IEE प्रतिवेदनमा नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागि उल्लेख भएका घाटहरुलाई तपसिल बमोजिम कायम गरी आय ठेक्का अगाडी बढाउने निर्णय गरियो।

तपसिल :

घाट नं.१ — गैरी

घाट नं.२ — भुवान

घाट नं.३ — लाटापिपल, लामाखेत

घाट नं.४ — बगैंचा, दोभान, अम्बोट, राक्सेबोट

ख. विरुवा गाउँपालिका क्षेत्रभित्र बग्ने मेमखोला, बास्तारा खोला र ज्याग्दीखोला क्षेत्रभित्र ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) उत्खनन् तथा संकलनका लागि तयार गरीएको IEE प्रतिवेदनमा नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागि उल्लेख भएका घाटहरुमध्ये विरुवा गाउँपालिका वडा नं १ स्थित दोभान घाटमा रहेको ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) संकलनका लागि मेसिन प्रयोग गर्नुपर्ने अन्यथा सो स्थान नजिकै रहेको बस्ती, सडक र पक्की पुल लगायतका भौतिक संरचना र खेतीयोग्य जमिन जोखिममा पर्ने देखिएकोले मेसीन प्रयोग गरी ढुङ्गा, गिटी, वालुवा (दहत्तर बहत्तर) उत्खनन् गर्न अनुमतीका लागि गाउँपालिका स्तरीय विपद व्यवस्थापन समिति मार्फत जिल्ला विपद व्यवस्थापन समितिमा अनुरोध गर्ने निर्णय गरियो।

भोजराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

ग. विरुवा गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक र निजी जग्गाहरुबाट ढुङ्गा, गिटी, बालुवा लगायतका (दहत्तर बहत्तर) उत्खनन् तथा संकलन गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाको स्वीकृती वा तोकियबमोजिमको राजश्व (प्रति घनमिटर रु ३६० र प्रति ट्र्याक्टर रु ९००) दाखिला गरी संकलन गर्नसक्ने व्यवस्था गर्ने गराउने निर्णय गरियो।

घ. विरुवा गाउँपालिका क्षेत्रभित्र बहने नदी तथा अन्य सार्वजनिक र निजी जग्गाहरुबाट ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) को चोरी निकासी भएको पाईएमा तपसिल बमोजिम जरिवाना गर्नेगरी दररेट कायम गर्ने निर्णय गरियो साथै जरिवाना बापत उठेको रकमको २५ प्रतिशत रकम चोरी निकासी कार्य नियन्त्रणका लागि पक्राउ गरी सहयोग गर्ने स्थानीय सुरक्षा निकायलाई उपलब्ध गराउने निर्णय गरियो।

तपसिल :

| उत्खनन् तथा ढुवानीमा प्रयोग हुने साधन | जरिवानाको दररेट रु | | |
|---|---|---|---|
| | प्रथम पटक | दोस्रो पटक | तेस्रो पटक र त्यसभन्दा पछी प्रत्येक पटक |
| ट्र्याक्टर | १०,०००/- | १५,०००/- | २०,०००/- वा प्रयोग भएको साधन जफत वा दुवै |
| ६ चक्के ढुवानीका साधन | १५,०००/- | २०,०००/- | २५,०००/- वा प्रयोग भएको साधन जफत वा दुवै |
| ब्याक हु लोडर | १५,०००/- | २०,०००/- | २५,०००/- वा प्रयोग भएको साधन जफत वा दुवै |
| एक्साभेटर | २०,०००/- | २५,०००/- | ३०,०००/- वा प्रयोग भएको साधन जफत वा दुवै |

<u>प्रस्ताव नं. ३</u>

महालेखा परिक्षकको कार्यालयको आ.व. २०८०/८१ को प्रारम्भिक लेखापरिक्षण प्रतिवेदन माथि छलफल सम्बन्धमा।

<u>निर्णय नं. ३</u>

महालेखा परिक्षकको कार्यालयको आ.व. २०८०/८१ को प्रारम्भिक लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी उक्त प्रतिवेदनले औल्याएका कमी कमजोरीहरुलाई सुधार गर्दै प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धताका साथ उक्त प्रतिवेदनमा औल्याईएको वेरुजु नियमानुसार फर्छ्यौट गर्न सम्बन्धित सवै सरोकारवालाहरुलाई दिने निर्णय गरियो। साथै उक्त प्रतिवेदनको बुँदा नं. २४ मा विभिन्न सडक तथा भवन निर्माण कार्यहरु गर्दा विशिष्ठिकृत नर्म्स प्रयोग

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

नगरी छुट्टै नर्म्सको प्रयोगबाट पालिकालाई बढी व्ययभार पर्न गएको भनी उल्लेख भएकोमा उल्लेखित निर्माण क्षेत्रहरुको भौगोलिक अवस्था अनुसार दररेट विश्लेषण गर्दा नर्म्समा फरक देखिन गएको तर उक्त निर्माण कार्यमा आर्थिक अनियमितता नभएको देखिन आएकोले आगामी दिनमा निर्माण कार्यमा विशिष्ठिकृत नर्म्समात्र प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै महालेखा परीक्षकको कार्यलयलाई उक्त वेरुजु नियमित गरीदिनका लागि अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं .४**

सडक बोर्डसंगको साझेदारीमा संचालन हुने योजना सम्बन्धमा।

**निर्णय नं. ४**

यस गाउँपालिकालाई सडक बोर्ड नेपालबाट आ.व. २०८१/८२ मा प्राप्त सडक मर्मत सम्भार अनुदानबाट यस गाउँपालिका अन्तर्गतको बेलघारी मालमुल सडक मर्मत कार्यमा कार्यान्वयन गर्ने र उक्त योजनामा गाउँपालिकाको कार्यालयबाट नियमानुसार साझेदारी गर्नुपर्ने रकम गाउँपालिका स्तरीय समपुरककोष बाट साझेदारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.**

ढाका बुनाई कार्यक्रमको एड्भान्स तालिम संचालन सम्बन्धमा।

**निर्णय नं. ५.**

विरुवा गाउँपालिका कार्यालयबाट गत आ.व. २०८०/८१ मा संचालन गरीएको आधारभूत ढाका बुनाई कार्यक्रममा सहभागीहरुको सीप तथा क्षमता अभिवृद्धि गरी स्वरोजगार बनाउने उद्देश्यसहित गत आ.व. मा आधारभूत तालिम लिएका प्रशीक्षार्थीहरुलाई लक्षित गरी ढाका बुनाई एडभान्स तालिम संचालन गर्ने र सो को लागि आवश्यक पर्ने खर्च व्यवस्थापन उपाध्यक्ष महिला विकास कार्यक्रमबाट गर्ने सर्वसम्मतीले निर्णय गरियो.।

**प्रस्ताव नं. ६.**

कृषि तथा पशुजन्य बस्तुको उत्पादनमा आधारित अनुदान व्यवस्थापन समितिको सदस्य चयन सम्बन्धमा।

**निर्णय नं. ६.**

विरुवा गाउँपालिकाको "कृषि तथा पशुजन्य बस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८१" दफा ३(ख) बमोजिम वडा नं. १ का वडा अध्यक्ष श्री राजेन्द्र के.सी.लाई अनुदान व्यवस्थापन समितिको सदस्यको रुपमा चयन गर्ने सर्वसम्मतीले निर्णय गरियो।

**प्रस्ताव नं. ७.**

सार्वजनिक सुनुवाई सम्वन्धमा।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ७.**

विरुवा गाउँपालिकामा संचालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था साथै गाउँपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरुको सेवा प्रवाह लगायत विविध विषयमा सरोकारवाला पक्षलाई जानकारी गराउने उदेश्यसहित मिति २०८१/०७/२७ गते विरुवा गाउँपालिका वडा नं. ४ ओरष्टे, खुदीमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८.** खेलाडी सम्मान सम्बन्धमा।

**निर्णय नं. ८.**

यहि मिति २०८१/०७/०२ गतेदेखी वालिङ खेलमैदानमा स्याङ्जा सहयोग समाज अन्तराष्ट्रिय समन्वय समितिद्धारा आयोजित प्रथम ICC कप भलिवल खेल कार्यक्रममा विरुवा गाउँपालिकाबाट प्रतिनिधित्व गरी प्रथम स्थान प्राप्त गर्ने खेलाडीहरु तथा पदाधिकारीहरुलाई गाउँपालिकाको तर्फबाट सम्मान गर्ने तथा उक्त प्रतियोगिता अवधीमा खेलाडी व्यवस्थापनमा खर्च भएको एकमुष्ठ रकम कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने सर्वसम्मतीले निर्णय गरियो।

**प्रस्ताव नं. ९.**

पशु चिकित्सक पदपूर्ति सम्बन्धमा।

**निर्णय नं. ९.**

आ.व. २०८१/८२ मा विरुवा गाउँपालिकाको संघिय शशर्त कार्यक्रममा एक पालिका एक पशुचिकित्सक शिर्षकमा रकम विनियोजन भएको तथा विरुवा गाउँपालिकामा यसअघि नै कृषि स्नातक अन्तर्गत पशु चिकित्सक पदमा डा. प्रवेश गौतम कार्यरत रहेकोले निजलाई एक गाउँपालिका एक भेटेरिनरी डाक्टर कार्यक्रममा समावेश गरी रिक्त हुन आउने कृषि स्नातक पदमा कृषि क्षेत्रकै जनशक्ति पदपूर्ति गर्ने गरी प्रक्रिया अगाडी बढाउने सर्वसम्मतीले निर्णय गरियो।

**प्रस्ताव नं. १०.**

झोलुङ्गे पुल माग सम्बन्धमा।

**निर्णय नं. १०**

विरुवा गाउँपालिकाभित्रका विभिन्न खोलाहरुमा निर्माण गर्नुपर्ने देखीएका तपसिल झोलुङ्गे पुलहरुलाई बार्षिक योजनामा समाबेश गरिदिनको लागि शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभाग पूल्चोक ललितपुरलाई सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो।

**तपसिल :**

१. बोडीखोला झोलुङ्गे पूल — विरुवा २ र ३
२. गाईतर्नेघाट झोलुङ्गे पूल — विरुवा ४

टेकराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

विरुवा गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

३. टिकिङखोला धरादी झोलुङ्गे पूल – विरुवा ५ र ६

४. सिन्खादेखी संसानघाट झोलुङ्गे पूल – विरुवा १ र ८

**प्रस्ताव नं. ११.** विविध ।

**निर्णय नं. ११.**

क. विरुवा गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समावेश विभिन्न परियोजना डि.पि.आर शिर्षकको रकमबाट तपसिल योजनाहरुको डि.पि.आर गर्ने निर्णय गरियो।

तपसिल :

- गाउँपालिका स्तरीय अस्पताल (चिन्नेबास अस्पताल), विरुवा-६
- अर्चले गाबु आर्केकोट विरुवा सडक, विरुवा-१ र २
- शिखीदेवता पार्क, विरुवा-८

ख. विरुवा गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समावेश सिचाई योजना मर्मत तथा व्यवस्थापन शिर्षकको रकमबाट तपसिल सिचाई योजनाहरुको निर्माण तथा मर्मत गर्ने निर्णय गरियो।

तपसिल :

गोपाले खेत सिंचाई कुलो मर्मत, विरुवा-५ – रु १,००,०००/-

ढापटारी सिंचाई कुलो मर्मत, विरुवा-१ – रु २,५०,०००/-

जनजागृती आ.वि. पछाडी सिचाई कुलो मर्मत, विरुवा-१ – रु ७५,०००/-

बलमाटो सिचाई कुलो मर्मत, विरुवा-६ – रु ७५,०००/-

ग. विरुवा गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समावेश फुटकर योजना शिर्षकको रकमबाट तपसिल योजनाहरुको निर्माण तथा मर्मत गर्ने निर्णय गरियो।

तपसिल :

मालमुल जोखोला बस्ती संरक्षण, विरुवा-१ – रु २०,०००/-

चिन्नेवास झोलुङ्गे पुल मर्मत, विरुवा-६ – रु १५,०००/-

जन वालकल्याण आ.वि. रंगरोगन, विरुवा-६ – रु २०,०००/-

तेजराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

घ. विरुवा गाउँपालिका वडा नं. ७ स्थित यादी लिफ्टिङ खानेपानी योजना मर्मतका क्रममा खर्च भएको रकममध्ये गाउँपालिका कार्यालयबाट रु २५,०००/- उक्त खानेपानी योजनालाई उपलब्ध गराउने निर्णय गरियो।

ङ. विरुवा गाउँपालिका वडा नं. ७ बस्ने श्री जीत माया गुरुङ मिति २०८१/०३/२४ गते अरिङ्गालको टोकाईबाट गम्भिर घाईते भई उपचार भएको र उपचारका क्रममा ठूलो रकम खर्च भएको तथा निजको आर्थिक अवस्था कमजोर रहेकोले निजलाई रु २०,०००/- आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

च. विरुवा गाउँपालिका भित्रका विद्यालयहरुमा पालिका स्तरीय परीक्षा संचालन गर्ने क्रममा प्रश्नपत्र निर्माण गर्ने शिक्षक तथा विषयगत संयोजकलाई तपसिल बमोजिम पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

**तपसिल :**

| क्र. सं. | विवरण | भुक्तानी हुने रकम | कैफियत |
|---|---|---|---|
| १ | ७५ पूर्णाङ्कको प्रश्नपत्र निर्माण | २०० | प्रति प्रश्न पत्र |
| २ | ५० पूर्णाङ्कको प्रश्नपत्र निर्माण | १५० | |
| ३ | १ विषयको विषयगत संयोजक | ८०० | प्रति शिक्षक प्रति परीक्षा |
| ४ | २ वा सो भन्दा बढी विषयको विषयगत संयोजक | १००० | |

छ. विरुवा गाउँपालिका अन्तर्गत निर्माण सम्पन्न भएका योजनाहरु ( गाउँपालिका प्रशासकीय भवन, ४ नं. वडा कार्यालय भवन, ८ नं. वडा कार्यालय भवन, आधारभूत स्वास्थ्य केन्द्र – २, आधारभूत स्वास्थ्य केन्द्र – ७) को कार्यालयले उपर्युक्त समय निर्धारण गरी उद्घाटन गर्ने सर्वसहमतिले निर्णय गरियो।

ज. विरुवा गाउँपालिका वडा नं १ का वडा सदस्य तथा समाजसेवी श्री पार्वती बि.क.को मिति २०८१/०७/११ गते अल्पायुमै भएको असामयिक निधन प्रति गाउँकार्यपालिकाको तर्फबाट दु:ख प्रकट गर्दै श्रद्धान्जली अर्पण गरियो र शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दै गाउकार्यपालिकाको तर्फबाट शोक प्रस्ताव पारित गरियो।साथै निजको निधनप्रति शोक प्रकट गर्दै मिति २०८१/०७/१४ गते गाउँपालिका कार्यालय र वडा कार्यालयहरुमा शोक विदा दिने निर्णय गरियो।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner